मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९ फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १४२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ जेठ २४ गते आइतबार ❑ 7 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## रास्वपाको लक्ष्य वैकल्पिक शक्ति मात्र होइन, मुलुकको नेतृत्व हो: सभापति लामिछाने

रासस
काठमाडौं, २३ जेठ

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले युगले दिएको अभिभारा पूरा गर्न सबैले धैर्य, त्याग र समर्पण देखाउनुपर्ने बताउनुभएको छ।

शनिबार र आइतबार हुन गइरहेको पार्टीको जिल्ला अधिवेशनका सन्दर्भमा उहाँले सामाजिक सञ्जालमा 'म' बाट 'हामी'मा रुपान्तरण हुने बेला आएको बताउनुभएको छ। "पछिल्लो जनमतलाई अझ विस्तार गर्न र राजनीतिलाई सुसंस्कृत, पारदर्शी तथा जनमैत्री बनाउन हामी सबैले धैर्य, त्याग र समर्पण देखाउनुपर्छ", सभापति लामिछाने भन्नुभएको छ। अधिवेशन र महाधिवेशन केवल नेतृत्व चयनको प्रक्रिया मात्र नभएको जनाउँदै उहाँले महाधिवेशन प्रक्रिया पार्टी जीवन, विधि, अभ्यास र स्वस्थ परम्परा निर्माण गर्ने अवसर भएको बताउनुभएको छ।



"यसले हाम्रो आगामी यात्रालाई स्पष्ट दिशानिर्देश गर्नेछ", उहाँले लेख्नुभएको छ। रास्वपाको आज ३७ र भोलि २९ जिल्लामा अधिवेशन हुँदैछन्। रास्वपाको पहिलो महाधिवेशनको प्रक्रियाअन्तर्गत वडा र पालिका तहका अधिवेशन सम्पन्न भइसकेका छन्। पार्टीको सर्वोपरि हितका लागि हरेक तहमा सक्षम, इमानदार र जनमैत्री नेतृत्व आवश्यक रहेको उल्लेख गर्दै सभापति लामिछानेले संवाद, सहमति र आन्तरिक निर्वाचनजस्ता लोकतान्त्रिक विधि अपनाएर नेतृत्व चयन गरिनु नै हाम्रो संस्कार भएको बताउनुभएको छ। लोकतान्त्रिक प्रक्रियाबाट पार्टी अझ बलियो र परिपक्व बन्दै जाने उहाँको भनाइ छ। "हामीले रास्वपालाई उन्नत लोकतान्त्रिक पार्टी बनाउने लक्ष्य लिएका छौँ।

त्यसका लागि विचार मात्र होइन, हाम्रो शैली, व्यवहार र राजनीतिक संस्कार पनि उन्नत हुनुपर्छ", सभापति लामिछानेले भन्नुभएको छ, "पुरानै सोच, शैली र प्रवृत्ति बोकेर हामी नयाँ र परिस्कृत जनमैत्री शक्ति बन्न सक्दैनौं।" स्थापनाकालमा सीमित दायरामा सहमतिका आधारमा बाँडिएका तदर्थ जिम्मेवारीलाई स्थायी मानक मानेर पदोन्नतिको अपेक्षा राख्ने वा 'योगदान'को हिसाब-किताब खोज्ने प्रवृत्ति पार्टी जीवनका लागि हितकर नहुने उहाँले लेख्नुभएको छ।

"चार वर्षमै यस्तो प्रवृत्तिले जरा गाड्न खोज्नु चिन्ताको विषय हो, जसलाई हामीले समयमै सच्च्याउनुपर्छ", सभापति लामिछानेले भन्नुभएको छ, "पार्टी जिम्मेवारीमा रहेर भविष्यमा संसदीय अवसर प्राप्त गर्ने आशयले नेतृत्वका लागि मरिहत्ते गर्ने प्रवृत्तिलाई अधिवेशनकै लोकतान्त्रिक प्रक्रियाबाट न्यूनीकरण गर्नु आजको आवश्यकता हो।"

मतदाताको विवेक र पार्टीका सम्पूर्ण सदस्यको समर्पणले आजको सफलता सम्भव भएको उल्लेख गर्दै सभापति लामिछानेले पुरानाले बनाएको जगमा नयाँ पुस्ताको ऊर्जा र सक्रियताले पार्टीको यात्रालाई यहाँसम्म ल्याएको बताउनुभएको छ। "अब हाम्रो लक्ष्य केवल वैकल्पिक शक्ति बन्ने होइन, मुलुकको नेतृत्व गर्ने सक्षम राजनीतिक शक्ति बन्ने हो। त्यसका लागि पार्टीलाई अझ फराकिलो, समावेशी र सुदृढ बनाउनुपर्छ। तर, सङ्गठन विस्तार हुँदा 'म रहन्न कि' भन्ने सङ्कीर्ण चिन्तालाई त्याग्नुपर्छ", उहाँले भन्नुभएको छ।

## गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम पारित

पोखरापत्र संवाददाता
पोखरा, २३ जेठ

गण्डकी प्रदेश सरकारको आगामी आव २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम प्रदेशसभाबाट सर्वसम्मत रूपमा पारित भएको छ।

शुक्रबार बसेको प्रदेशसभा बैठकमा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नीति तथा कार्यक्रम पारित गरियोस् भनी प्रस्ताव पेश गर्नुभएको थियो। सभामुख कृष्णप्रसाद धितालले निर्णयार्थ प्रस्तुत गर्नुभएको उक्त प्रस्ताव प्रदेशसभाले सर्वसम्मतिले पारित गरेको हो।

प्रदेश प्रमुख डिल्लीराज भट्टले गत मङ्गलबार प्रदेशसभा बैठकमा प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममाथि प्रदेशसभामा तीन दिनसम्म छलफल भएको थियो।

शुक्रबार भएको छलफलमा नेकपा (एमाले) संसदीय दलका नेता एवं पूर्वमुख्यमन्त्री खगराज अधिकारी, नेपाल कम्युनिष्ट पार्टी संसदीय दलका नेता हरिबहादुर चुमान, राष्ट्रिय प्रजातन्त्र पार्टी संसदस्य दलका नेता पञ्चराम गुरुङलगायतले नीति तथा कार्यक्रममाथि आ-आफ्ना धारणा राख्नुभएको थियो।

## हुरीले फेवा तालमा फसेका १२ पर्यटकको उद्धार

पोखरापत्र संवाददाता
पोखरा, २३ जेठ



पोखरा-६ बैदामस्थित फेवा तालमा 'बोटिङ' गर्ने क्रममा हुरीका कारण समस्यामा परेका १२ पर्यटकको उद्धार गरिएको छ।

शनिबार दिउँसो ४:३० बजे फेवा तालमा अचानक हुरीका आएपछि तालमा फसेका स्वदेशी तथा विदेशी पर्यटकको सशस्त्र प्रहरी बल नेपाल नं २४ गण हेडक्वाटरको टोलीले उद्धार गरेको हो। उद्धार गरिएकाहरूमा तनहुँको दमौलीका २३ वर्षीय सुदीप बस्नेत, काठमाडौंका २४ वर्षीय सरोज सिम्खडा, १७ वर्षीय आयुष चौलागाईं, २१ वर्षीय सागर क्षेत्री, १९ वर्षीया विनिता श्रेष्ठ, २६ वर्षीय रुसाल चौधरी रहेका छन्। साथै कास्कीको पोखरा महानगरपालिका-५ पर्स्याङका २३ वर्षीया झरना गुरुङ, १२ वर्षीय क्रिस श्रेष्ठ, १६ वर्षीया सुदीक्षा पौडेल, १६ वर्षीय अङ्कल ढकाल, १५ वर्षीय प्रितम नेपाली र जापानबाट घुम्न आएउनुभएकी ४८ वर्षीया एक महिलासहित १२ जनाको उद्धार गरिएको थियो। उद्धार गरिएका सबैको अवस्था सामान्य रहेको सशस्त्र प्रहरी बल नेपाल, नं २४ गण हेडक्वाटर मालेपाटनका प्रहरी उपरीक्षक वसन्तबहादुर सिंहले जानकारी दिनुभयो। उहाँका अनुसार ती व्यक्तिहरू तालको बीचमा सर्फेस बोट र प्याडल बोटमा हुरीका कारण समस्यामा परेका थिए। लगत्तै फेवातालमा स्थापना गरिएको 'फेवा रेस्क्यू टावर' मा खटिएका सशस्त्र प्रहरीको १० सदस्यीय टोलीले उद्धार गरेको थियो।

## रास्वपा कास्कीको सभापतिमा यदुनाथ अधिकारी

पोखरापत्र संवाददाता
पोखरा, २३ जेठ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कास्कीको जिल्ला सभापतिमा यदुनाथ अधिकारी निर्वाचित हुनुभएको छ।

शनिबार सम्पन्न जिल्ला अधिवेशनमा भएको निर्वाचनमा अधिकारीले निकटतम प्रतिद्वन्द्वी एकराज न्यौपानेलाई मात्र एक मतको अन्तरले पराजित गर्दै विजयी हुनु भएको हो।

निर्वाचन परिणामअनुसार अधिकारीले ११५ मत प्राप्त गर्नुभयो भने न्यौपानेले ११४ मत



ल्याउनुभयो। खसेको कुल २३३ मतमध्ये ४ मत 'नो भोट' अर्थात् कुनै पनि उम्मेदवारलाई नदिएको पाइएको छ। पार्टीका २९० मतदाता रहे पनि सबैले मतदान नगरेको जनाइएको छ। त्यसैगरी सचिव पदमा विश्वराज पौडेल निर्वाचित हुनुभएको छ। उहाँले १२२ मत प्राप्त गर्दा प्रतिस्पर्धी टेकराज सापकोटाले १०६ मत प्राप्त गर्नुभयो।

उपसभापतिमा चिनबहादुर गुरुङ तथा सहसचिवमा सुजन बस्ताकोटी निर्विरोध निर्वाचित हुनुभएको छ। कोषाध्यक्ष पद भने पछि मनोनयनमार्फत चयन गरिने पार्टीले जनाएको छ। जिल्ला कमिटीका १० सदस्य पदमध्ये केही सदस्य निर्विरोध चयन भएका छन् भने बाँकी चार सदस्य पदका लागि मतदान गरिएको थियो। एक मतको अत्यन्तै झिनो अन्तरमा सभापतिको टुंगो लागेसँगै अधिवेशनले पार्टीभित्र लोकतान्त्रिक प्रतिस्पर्धा र कार्यकर्ताको सक्रिय सहभागिता झल्काएको छ। नव निर्वाचित नेतृत्वले संगठन सुदृढीकरण, जनसम्पर्क विस्तार तथा आगामी राजनीतिक अभियानलाई प्रभावकारी ढंगले अघि बढाउने अपेक्षा गरिएको छ।

## नेपाल-भारतबीचको सम्बन्ध थप सुदृढ गर्न तत्पर छौँ: परराष्ट्रमन्त्री खनाल

रासस
काठमाडौं, २३ जेठ

परराष्ट्रमन्त्री शिशिर खनालले नेपाल–भारतबीचको सम्बन्धलाई नयाँ शिराबाट थप विस्तार र सुदृढ गर्न सरकार तत्पर रहेको बताउनुभएको छ।

भारतीय च्यानल 'एनडिटिभी'सँग आज विशेष संवाद गर्दै उहाँले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) स्थापनाको करिब चार वर्षकै अवधिमा जनचाहना र समर्थनबाट सरकारको नेतृत्वमा पुगेको उल्लेख गर्दै दुई देशको बहुआयामिक सम्बन्धलाई थप सुदृढ गर्न सरकार तत्पर रहेको बताउनुभएको हो। नेपाल र भारतबीच खुला सीमाना भए पनि एकले अर्को देशको सुरक्षा सरोकारलाई आत्मसात् गरेको उल्लेख गर्दै मन्त्री खनालले दुई देशको बहुआयामिक र हार्दिक सम्बन्धलाई अझै विस्तार गर्नुपर्नेमा जोड दिनुभयो।

मौरिससमा भएको कार्यक्रममा आफू र भारतीय समकक्षी एस जयशङ्करसँग भएको भेटको सन्दर्भ उल्लेख गर्दै उहाँले सम्भव भएका सबै क्षेत्रमा सहकार्य गर्नुपर्ने बताउनुभयो। मन्त्री खनालले व्यापार, ऊर्जा, पूर्वाधार, शिक्षा, स्वास्थ्य, प्रविधि र सम्पर्क सञ्जाललगायत क्षेत्रमा नेपालले भारतको सहयोग, लगानी र सहकार्यको अपेक्षा गरेको धारणा राख्नुभयो। उहाँले बङ्गलादेशमा नेपालको विद्युत् निर्यातका लागि भारतको साथ रहने विश्वाससमेत व्यक्त गर्नुभयो। "हामीले विगतका कुरा लिएर आएका छैनौं। विगतमा हामीले दुई ठुला छिमेकी मुलुकबाट विकासको लाभ जति लिन सक्नुपर्दथ्यो, त्यति सकेनौं। अब पारस्परिक लाभ, सकारात्मक भविष्यका लागि कूटनीतिक सम्बन्ध प्रयोग गर्छौं", मन्त्री खनालले भन्नुभयो, "हामीले अझ राम्रो सहकार्यका क्षेत्र पहिचान गर्दै नेपाली जनताको जीवनयापनलाई सबलीकरणका लागि नयाँ र बहुआयामिक सहकार्य स्थापित गर्नेछौं।"


रास्वपा सभापति रवि लामिछानेको हालैको भारत भ्रमणको क्रममा भारतीय जनता पार्टी र सरकारबाट भएको भव्य स्वागतले दुई देशबीचको आपसी सम्बन्धलाई नयाँ उचाइमा लिन उत्प्रेरणा मिलेको उहाँको भनाइ थियो। नेपालमा रेलमार्ग विस्तार, शैक्षिक संस्थाको विकास र प्रविधि विस्तारमा चाँडै ठोस सहकार्यका लागि सहमति हुने मन्त्री खनालको विश्वास थियो।

## एसइई पूरक परीक्षाको नतिजा दुई साताभित्र प्रकाशन गरिने

रासस
काठमाडौं, २३ जेठ

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) ले माध्यमिक शिक्षा परीक्षा (एसइई) को पूरक (ग्रेडवृद्धि) परीक्षा सम्पन्न भएको दुई साताभित्र नतिजा प्रकाशन गर्ने गरी तयारी गरेको छ।

आगामी असार १ देखि ९ गतेसम्म पूरक परीक्षा हुँदैछ। यसअघि, एसईई–२०८२ को परीक्षाफल एक महिनामा प्रकाशन गरिएको थियो। परीक्षा नियन्त्रक टुकराज अधिकारीले आगामी असार २५ गतेभित्र पूरक परीक्षाको परीक्षाफल प्रकाशन गरिने बताउनुभयो। एसइईमा एक लाख ४६ हजार ५०७ विद्यार्थी 'ननग्रेडेड' भएकामा पूरक परीक्षामा कतिले सहभागिता जनाउँछन् भन्ने यकिन तथ्याङ्क प्राप्त भइसकेको उहाँले बताउनुभयो। 'ग्रेड सि' भन्दा कम प्राप्त गरेका विद्यार्थी पूरक परीक्षामा सहभागी हुनेछन्।



# नेपाल मोबाइल वितरक संघ गण्डकी प्रदेशको अध्यक्षमा सुशीलकुमार गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ



नेपाल मोबाइल वितरक संघ गण्डकी प्रदेशको नवौं वार्षिक साधारण सभा तथा पाँचौं अधिवेशनबाट नयाँ कार्यसमिति सर्वसम्मत रूपमा निर्वाचित भएको छ।

हालै पोखरामा सम्पन्न भएको संघको अधिवेशनले सुशीलकुमार गुरुङको अध्यक्षमा निर्वाचित गरेको निर्वाचन समिति संयोजक शिवराज पहारीले जानकारी दिनुभयो। त्यसैगरी वरिष्ठ उपाध्यक्षमा सुनील श्रेष्ठ, उपाध्यक्षमा पुरुषोत्तम पौडेल, सचिवमा केशव पराजुली, सहसचिवमा दिलीप केसी तथा कोषाध्यक्षमा तारानाथ आचार्य निर्वाचित हुनुभएको छ।

त्यस्तै सदस्यहरूमा अर्जुन गिरी, विनोद केसी, आस्विन ढुङ्गाना, सुदीप कंडेल र जीवन खत्री निर्वाचित हुनुभएको निर्वाचन समिति संयोजक पहारीले बताउनुभयो।नवौंवार्षिकसाधारण सभा तथा पाँचौं अधिवेशनको अवसरमा संघका सदस्यहरूले मोबाइल व्यवसायलाई थप व्यवस्थित, मर्यादित र व्यवसायीमैत्री बनाउने विषयमा छलफलगरेकाथिए।नवनिर्वाचित कार्यसमितिलाई व्यवसायीहरूको हकहित संरक्षण, व्यवसायिक एकता सुदृढीकरण तथा प्रविधिमैत्री व्यापार प्रवर्द्धनमा सक्रिय भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरिएको छ।

कार्यक्रमको सञ्चालन संघका निवर्तमान अध्यक्ष मनोहर श्रेष्ठले गर्नुभएको थियो। अधिवेशनबाट निर्वाचित नयाँ नेतृत्वलाई व्यवसायीहरूले बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरेका छन्।

निर्वाचित अध्यक्ष गुरुङले संघप्रति व्यवसायीहरूको विश्वासलाई सम्मान गर्दै गण्डकी प्रदेशका मोबाइल वितरक तथा व्यवसायीहरूको हकहितका लागि समन्वयात्मक र प्रभावकारी ढंगले काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले व्यवसायमा देखिएका चुनौती समाधान, व्यवसायिक वातावरण सुदृढीकरण तथा सदस्यहरूको क्षमता अभिवृद्धिका लागि विशेष पहल गरिने बताउनुभया।



रोपाइँका लागि बीउ काढ्दै किसानः
पोखरा महानगरपालिका- २४ पामे फाँटमा शनिबार रोपाइँका लागि धानको बीउ उखेल्दै 'काढ्दै' किसान।
तस्बिरः देवेन्द्र गुरुङ/रासस

# मुस्ताङ अस्पतालमा बढे बिरामी

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २३ जेठ



प्रदेश अस्पताल जोमसोममा पछिल्लो समय बिरामीको सङ्ख्या दैनिक रूपमा वृद्धि हुन थालेको छ। जिल्लाकै एक मात्र २५ शययाको अस्पतालमा आउने बिरामीको सङ्ख्या वृद्धिसँगै व्यवस्थापन पक्षमा समस्या र चुनौति थपिन थालेको छ।

गर्मीयाम सुरु भइसकेको र पर्यटकलाई मुस्ताङ भ्रमण गर्न अनुकूल भएकाले यहाँको प्रदेश अस्पताल जोमसोममा बिरामीको सङ्ख्या अपेक्षाकृत रूपमा ह्वात्तै बढेको प्रदेश अस्पताल जोमसोमका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा समीक्षा कँडेलले जानकारी दिनुभयो। गर्मीयाम भएकाले मुस्ताङका स्थानीय बेसी छोडेर जिल्ला फर्किएका र यहाँ आएका पर्यटक विभिन्न कारणले बिरामी पर्ने समस्याले अस्पतालमा बिरामीको सङ्ख्या वृद्धि हुन पुगेको उहाँले बताउनुभयो।

मुस्ताङ आएका कतिपय पर्यटकलाई लेक लाग्ने भएकाले यस्ता प्रकृतिका बिरामी सेवा लिन आउने गरेका डा कँडेलको भनाइ छ। गर्मीयामका कारण हुने बिरामी नभई विभिन्न प्रकारका समस्याले पर्यटक, स्थानीय र ज्याला मजदुरी गर्ने सर्वसाधारण बिरामी हुने भएकाले अस्पतालमा बिरामीको सङ्ख्या बढेको उहाँ बताउनुहुन्छ। प्रदेश अस्पताल २५ शययाको भनिए पनि १५ शययाको मात्रै छ। नयाँ बन्दै गरेको अस्पताल भवन पनि १५ शययामै बनेको तर हस्तान्तरण हुन बाँकी छ। प्रदेश सरकारले शयया अपग्रेड गरेको भए पनि साविककै पूर्वाधारबाट सेवा प्रवाह हुँदा बिरामीको चाप व्यवस्थापनमा समस्या देखिन गरेको छ।

पछिल्लो समय मुक्तिनाथ दर्शनार्थीको सङ्ख्या बढेसँगै अस्पतालको सेवा लिने पर्यटकको सङ्ख्या पनि बढ्दै जान थालेको अस्पतालले जनाएको छ। हाल तीन कोठामा २५ शययामा बिरामीलाई वार्डमै राखेर ईमरजेन्सी सेवा प्रवाह गर्ने गरिएको छ। अस्पतालमा प्रसूती सेवासँगै अन्य सेवा उपलब्ध भएकाले बिरामीले अस्पताल खचाखच हुन पुगेको हो। जोमसोमस्थित प्रदेश अस्पतालमा चालु आर्थिक वर्षको साउनदेखि वैशाख महिनासम्म कुल आठ हजार ६६७ जनाले स्वास्थ्य सेवा लिएका अस्पतालले जनाएको छ। प्रदेश अस्पतालमा ४२ जनाको जनशक्ति रहेको डा कँडेलले उल्लेख गर्नुभयो। स्वास्थ्य सेवा प्रवाहतर्फ एक एमडीजीपी चिकित्सकसहित ६, अस्पताल नर्सिङ निरीक्षक दुई, स्टाप नर्स दुई, नर्सिङ अधिकृत दुई, स्वास्थ्य सहायक दुई र अनमी दुई जना छन्। अस्पतालअन्तर्गत मुक्तिनाथमा स्वास्थ्य सहायक तीन र कार्यालय सहयोगी एक जना रहेका अस्पतालले जनाएको छ।

# फिस्टेल एकेडेमीमा अष्ट्रेलियन राजदूतको भ्रमण

**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ

नेपालका लागि अष्ट्रेलियन राजदूत महामहिम साइमन अर्नस्टेले फिस्टेल एकेडेमी आई.बी. वर्ल्ड स्कुलको भ्रमण गर्नुभयो। भ्रमणका क्रममा उहाँले विद्यार्थी, शिक्षक तथा विद्यालयका पदाधिकारीहरूसँग अन्तरक्रिया गर्नुभयो।

राजदूत अर्नस्टेले विद्यालयको उत्कृष्ट पूर्वाधार, गुणस्तरीय शिक्षा तथा सिकाइ वातावरणको प्रशंसा गर्दै विद्यार्थीहरूलाई उपलब्ध अवसरहरूको अधिकतम उपयोग गरी आफ्नो भविष्य निर्माणमा समर्पित हुन प्रेरित गर्नुभयो। अन्तरक्रियात्मक प्रश्नोत्तर सत्रमा विद्यार्थीहरूले शिक्षा, नेतृत्व तथा अन्तर्राष्ट्रिय अवसरसम्बन्धी जिज्ञासा राखेका थिए। विद्यालयका प्रबन्ध निर्देशक एलिस रानाभाट, जो मोनास विश्वविद्यालय र युनिभर्सिटी अफ सिड्नीका पूर्वविद्यार्थी हुनुहुन्छ, ले यस भ्रमणले नेपाल-अष्ट्रेलिया सम्बन्धलाई अझ सुदृढ बनाउनुका साथै विद्यार्थीहरूलाई विश्वव्यापी दृष्टिकोण विकास गर्न प्रेरित गरेको बताउनुभयो। विद्यार्थीहरूको सांस्कृतिक प्रस्तुतिसहित सम्पन्न कार्यक्रमले सम्पूर्ण विद्यालय समुदायका लागि प्रेरणादायी र अविस्मरणीय अनुभव प्रदान गर्यो।

# गण्डकीका अध्यक्ष रमेश पौडेल सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ



पौडेल वंश महासंघ गण्डकी प्रदेशद्धारा नेपाल पत्रकार महासंघ गण्डकीका अध्यक्ष एवं रेडियो बाराहीका कार्यकारी निर्देशक वरिष्ठ पत्रकार रमेश पौडेल सम्मानित हुनुभएको छ।

गण्डकी प्रदेशको तेस्रो साधारण सभाको अवसरमा नेपालको पत्रकारिता क्षेत्रमा उल्लेखनिय योगदान गरेबापत उहाँलाई सम्मान गरिएको हो।

त्यसैगरी हालै सम्पन्न नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय छत्रधर आत्रेय होटल व्यवसायी महासंघ नेपालका केन्द्रिय उपाध्यक्ष सुनिता पन्त पौडेललाई समेत सम्मान गरिएको छ। केन्द्रिय अध्यक्ष हरेराम पौडेलले सम्मान गर्नुहुदै पत्रकार पौडेल तथा पौडेल वंशको बारेमा चर्चा गर्नुभयो। उहाँले वंशीय एकता, आपसी सद्भाव र सामाजिक उत्तरदायित्वलाई प्रवर्द्धन गर्ने उद्देश्यले स्थापना भएको महासंघले गण्डकी प्रदेशका विभिन्न जिल्लामा संगठन विस्तारलाई तीव्रता दिएकोमा खुसी व्यक्त गर्नुभयो। कार्यक्रममा बोल्दै सम्मानित व्यक्ति पौडेलले सो संस्थामा युवा पुस्तालाई आकर्षित गर्ने कार्यक्रम ल्याउनुपर्ने बताउनुभयो। सभामा काँग्रेस नेतृ शारदा पौडेलले समुदायको इतिहास, संस्कृति, वंशावली संरक्षण तथा सामाजिक एकतालाई सुदृढ बनाउन महासंघको भुमिका अझै अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो।

गण्डकी प्रदेश सरकारका महान्यायधिवक्ता चिरञ्जिवी शर्मा पौडेलले वंशावली अभिलेखीकरण, सामाजिक सद्भाव, शिक्षा तथा सांस्कृतिक संरक्षणका क्षेत्रमा महासंघले गरेका गतिविधिलाई थप प्रभावकारी बनाउँदै लैजानुपर्ने बताउनुभयो। त्यसैगरी महासंघका गण्डकी अध्यक्ष रामजी पौडेलले गण्डकी प्रदेशका ११ जिल्लामध्ये ९ जिल्लामा पौडेल समुदायको बसोबास रहेको जानकारी दिनुभयो।

त्यस्तै सचिव धनञ्जय शर्मा पौडेलले प्रदेशभर जिल्ला, महानगर, नगर तथा पालिका समितिहरू गठन गरी संगठनलाई तल्लो तहसम्म विस्तार गर्ने कार्य भइरहेको उल्लेख गर्नुभयो। प्रा.डा कृष्ण पौडेलले वंशवालीमा एकरुपता हुनुपर्नेमा जोड दिनुभयो।

साधारणसभामा आगामी कार्यकालका लागि संगठन सुदृढीकरण, वंशावली संकलन, सामाजिक सेवा तथा युवा सहभागिता अभिवृद्धिसम्बन्धी विभिन्न कार्यक्रम अघि बढाउने प्रतिबद्धता व्यक्त गरिएको छ।

# हरिदेवीको कविता सङ्ग्रह 'मायाको भूगोल' लोकार्पण

**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ

वरिष्ठ लोक गायिका एवं साहित्यकार हरिदेवी कोइरालाको कविता सङ्ग्रह 'मायाको भूगोल' आज पोखरामा लोकार्पण गरिएको छ।

एक समारोहका बीच उक्त सङ्ग्रहको लोकार्पण गरिएको हो। उक्त अवसरमा बाग्लुङका वरिष्ठ साहित्यकार काजी रोशनलाई हरिदेवी कोइराला साहित्य पुरस्कार-२०८२ द्वारा सम्मान गरिएको थियो। साहित्यकार रोशनलाई नगद रु २५ हजार, दोसल्ला र सम्मान पत्रद्वारा सम्मान गरिएको हो।

पाँच दशकदेखि साहित्य, संस्कृति र सामाजिक क्षेत्रमा क्रियाशील काजी रोशनका दुई दर्जनभन्दा बढी कृति प्रकाशित छन्। सम्मानसँगै उहाँले पुरस्कारबाट प्राप्त रकम लोक गायिका हरिदेवी कोइरालाका नाममा पुरस्कार स्थापना गर्न कोष खडा गर्ने घोषणा गर्नुभयो। कृति समीक्षा गर्दै प्रा डा जगन्नाथ रेग्मीले कोइरालाका रचना सरल र मार्मिक रहेको बताउनुभयो।

साहित्यकार असफल गौतमले साहित्यिक तथा लोक संस्कृतिको क्षेत्रमा हरिदेवी कोइरालाले पुऱ्यएको योगदान अतुलनीय रहेको उल्लेख गर्दै राज्यबाट जति सम्मान हुनुपर्ने हो, त्यो नभएको बताउनुभयो। साहित्यकार एवं प्राज्ञ रमेश श्रेष्ठले बाग्लुङ जिल्लामा रहेर पनि साहित्य क्षेत्रमा काजी रोशनले पुऱ्याएको योगदानको चर्चा गर्नुभयो। कोषका अध्यक्ष कृष्णप्रसाद बाँस्तोलाको अध्यक्षतामा सम्पन्न भएको थियो।

# रास्वपा म्याग्दीको अध्यक्षमा युवराज रोका

**पोखरापत्र संवाददाता**
म्याग्दी, २३ जेठ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) म्याग्दीको पहिलो जिल्ला अधिवेशनबाट युवराज रोकाको सभापतित्वमा कार्यसमिति चयन गरिएको छ।

शनिबार यहाँ भएको अधिवेशनबाट सर्वसम्मत रूपमा चयन भएको कार्यसमिति उपसभापतिमा कल्पना खत्री, सचिवमा सुनिल शर्मा र कोषाध्यक्षमा हीराबहादुर बोगटी (सुरत) रहनुभएको छ। यस्तै, सागरकुमार शर्मा पौडेल, गुनमाया पुर्जा, युवराज सुवेदी, सरोज सुवेदी र पूर्णबहादुर खत्री सदस्यमा चयन हुनुभएको नवनिर्वाचित सचिव शर्माले जानकारी दिनुभयो।

अधिवेशनको उद्घाटन गर्दै रास्वपा गण्डकी प्रदेश सभापतिसमेत रहेका प्रतिनिधिसभा सदस्य राजन गौतमले सुशासन र सार्वजनिक सेवा प्रवाहमा सहजता ल्याउन वर्तमान सरकारले प्राथमिकताका साथ काम गरिरहेको बताउनुभयो। "विकास र सुशासनका लागि बाधक विद्यमान ऐन, कानुनहरू संशोधनका लागि सरकारले गृहकार्य गरिरहेको छ। सुशासनयुक्त देश निर्माण भएपछि जनताको बाँकी अपेक्षा पनि पूरा हुनेछन् भन्ने हाम्रो विश्वास छ", उहाँले भन्नुभयो।

# कास्की कारागारबाट भागेका कैदी म्याग्दीमा पक्राउ

**पोखरापत्र संवाददाता**
म्याग्दी, २३ जेठ

'जेनजी' आन्दोलनको क्रममा कास्की कारागारबाट भागेका एक जना कैदीलाई प्रहरीले नौ महिनापछि म्याग्दीको बेनी नगरपालिका-९ गलेश्वरबाट पक्राउ गरेको छ।

जबरजस्तीकरणी मुद्दामा कास्की जिल्ला अदालतबाट दोषी ठहर भएका पोखरा महानगरपालिका-९ का ५४ वर्षीय लक्ष्मण मगराती भनिने कृष्णबहादुर सार्कीलाई पक्राउ गरी शनिबार कारागार कार्यालय बेनी चलान गरिएको हो। शुक्रबार राति ९ बजे गलेश्वरमा शङ्कास्पद रूपमा हिँडडूल गरिरहेको अवस्थामा फक्राउ परेका सार्कीलाई एक रात हिरासतमा राखेर प्रक्रिया पूरा गरी बाँकी कैद भुक्तान गराउन कारागार चलान गरिएको प्रहरी निरीक्षक सागर तिमिल्सिनाले जानकारी दिनुभयो।

"कास्की जिल्ला अदालतले सात वर्ष कैद फैसला सुनाएका सार्की पोखरास्थित कारागारमा सह-नाइकेकोजिम्मेवारीमारहेकोखुलेको छ", उहाँले भन्नुभयो, "छानबिनका क्रममा गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा कारागारबाट भागेको पुष्टि भएपछि बाँकी कैद भुक्तान गर्न कारागार चलान गरिएको हो।"

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।
- विदुरनीति

**सम्पादकीय**

# शिक्षा र स्वास्थ्यको कर हटाऊ

नेपालको संविधानमा उल्लेख भएका मौलिक अधिकार कार्यान्वयन हुन नपाउँदै कर तिर्नुपर्ने भएको छ । शिक्षा र स्वास्थ्य मा मौलिक हक निःशुल्क उपभोग गर्न प पाउने अधिकार छ। नबालेन्द्र शाहको सरकारले तस्वास्थ्य र शिक्षामा ज्यलाई कर पनि तिर्नुपर्ने भएको छ । खासगरी निजी विद्यालय र निजी स्वास्थ्य संस्थाका सेवामा अर्थमन्त्री स्वर्णिम वाग्लेले ३ प्रतिशत समता शुल्क नामको कर राखेका छन्। वामध्यम म वर्गको उत्थानलाई जोड दिँदै आएको रास्वपाले त्यही वर्गलाई कर थोपरिदिएको छ ।

निजी विद्यालयमा पढ्ने पढाउने मध्यम वर्ग पनि हो । निजी उपचार पनि मध्यम वर्गले गर्छ । उच्च वर्ग त अझै पनि विदेश पुग्छ उपचार गर्न । रास्वपा सरकारसँग सबैभन्दा ठूलो अपेक्षा शिक्षा र स्वास्थ्यमा सुधारको थियो । आम नेपालीको आजको सबैभन्दा चिन्ता र चासो नै महँगो अनि गुणस्तरहीन शिक्षा र स्वास्थ्यमा थियो । त्यसको आमूल सुधार जनताले चाहेका थिए । सामुदायिक विद्यालयहरूको गुणस्तर वृद्धिमा सरकारले ध्यान देला भन्ने थियो । तर निजीका विद्यार्थीबाट कर संकलन गरेर दुर्गम र विपन्न वर्गमा पुऱ्याउने भनेर कर थोपरिएको छ । यो राज्यको कल्याणकारी अवधारणाभन्दा उल्टोमात्रै होइन, संविधानको व्यवस्थाविपरीत छ । दुर्गम वा सुगम जहाँका पनि विपन्न, मध्यम वा उच्च जोसुकै नेपालीका बालबालिकालाई माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गर्ने दायित्व राज्यको हो। जे भनिन्छ त्यो गरिदैन भन्ने उदाहरण अर्थमन्त्री डाक्टर स्वर्णिम वाग्ले बनेका छन ।

विगतमा काङ्ग्रेसमा हुँदा जे वकालत गर्थे त्यसको विपरीत गरेका छन।हुनेसँग लिएर नहुनेलाई दिने सामाजिक न्यायको नीति हो । तर शिक्षा र स्वास्थ्यजस्ता आधारभूत आवश्यकतामा भने सम्पूर्ण दायित्व नै राज्यले लिनुपर्छ । तसर्थ थोरै वा धेरै जति नै भए पनि शिक्षा र स्वास्थ्यको कर सैद्धान्तिक रूपमै गलत छ । त्यसो त यस्तो शुल्कको अभ्यास विगतमा पनि भएर असफल भएको हो र फिर्ता लिइएको थियो । तत्कालीन अर्थमन्त्री डा. बाबुराम भट्टराईले सुरु गरेका थिए, युवराज खतिवडाले अन्त्य गरे । शिक्षा र स्वास्थ्यमा समग्र लगानी नै राज्यको कमजोर छ। युनेस्कोले शिक्षामा १५ देखि २० प्रतिशत बजेट छुट्ट्याउनुपर्छ भन्छ। तर नेपालमा त्यति कहिल्यै पुगेन र अर्थमन्त्री वाग्लेले पनि बढाएनन्, विगतमा जस्तै १०/११ प्रतिशतमै सीमित गरे। विश्व स्वास्थ्य संगठन बजेटको २० प्रतिशत स्वास्थ्यमा खर्चनुपर्ने बताउँछ। तर हाम्रोमा त्यति कहिल्यै भएन र यसपालि पनि ।

अहिलेको सरकारको अर्जनुदृष्टि सुशासन भनिएको छ। तर सुशासनका लागि समाजलाई पनि उन्नत स्तरमा उकास्न जरुरी छ । जसको जग नै शिक्षा हो । त्यसमा नै लगानी कम भएपछि समाज कसरी समृद्ध बन्ला ? झन् कर थोपरेर सरकारले शिक्षा र स्वास्थ्यप्रति अर्घेल्याइँ गरेको छ। आम नेपालको अपेक्षामाथि चिसो पानी खन्याएको छ। समता शुल्क नै समाजलाई समतामूलक बनाउने उद्देश्य प्राप्तिका लागि गरिनुपर्ने कर्मको विपरीत छ । दुई खाले शिक्षा र दुईथरी स्वास्थ्यसेवाले जुन खाडल मुलुकमा खनिएको छ, त्यो झन् गहिरिने पक्का देखिन्छ। दुई वर्ग उत्पादन गरिरहने राज्य चरित्रलाई अर्थमन्त्री वाग्लेले बजेटमार्फत थप मलजल गरेका छन् ।

बिरामी भएर अस्पताल जाँदा पनि कर तिर्नुपर्ने व्यवस्था कदाचित न्यायसंगत हुन सक्दैन । शिक्षा लिन स्कुल जाँदा कर तिर्नुपर्ने व्यवस्था पनि औचित्यपूर्ण मान्न सकिन्न । बिरामीबाट राजस्व उठाउने र अभिभावकको चिन्ताबाट कोष भर्ने नीति नैतिक र संवैधानिक दुवै हिसाबमा गलत छ । यस्तो गलत नीतिको रास्वपा ले हटाउन दबाब दिनुपर्छ । विपक्षीले पनि संविधान विपरीत जाने सरकारलाई तार्किक रुपमा दबाब दिनु जरुरी छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# ओझेलमा ऐतिहासिक ढोलथान



रासस
म्याग्दी, २३ जेठ

बाइसे चौबिसे राज्यताका पर्वते राजाको ग्रीष्मकालीन प्रशासनिक केन्द्र रहेको बेनी नगरपालिका-९ घतानस्थित ऐतिहासिक ढोलथान ओझेलमा छ ।

विसं १६३१ देखि तत्कालीन राजाहरू हिउँदका चार महिना बेनी र अरु आठ महिना ढोलथानमा बसेर पर्वत राज्य सञ्चालन गरेको इतिहास छ । पर्वत राज्य नेपालमा बिलय भएको समय अर्थात् विसं १८४३ सम्म ढोलथानमा राज्यको राजधानीको रूपमा रहेको थियो ।

ऐतिहासिक महत्त्व बोकेको प्राकृतिक हिसाबले रमणीय सो स्थान पछिल्लो सयम विकास पूर्णाधार, सहज सडक पहुँत तथा प्रचारप्रसारको कामीले ओझेलमा परेको स्थानीय भेषबहादुर सेनले बताउनुभयो । "संरक्षणरआवश्यकप्रवर्द्धनको अभावमा ढोलथानको ऐतिहासिक महत्त्व र प्राकृतिक विशेषता स्थानीयस्तरमै सीमित भएको छ", उहाँले भन्नुभयो, "यहाँसम्म पुग्ने सडक स्तरोन्नति, पूर्वाधार विकास र प्रचारप्रसार गर्न सकेमा पर्यटकीय गन्तव्यको रूपमा विकास हुने प्रशस्त सम्भावना छ । यसतर्फ ध्यान दिनुपर्ने आवश्यकता छ ।"

समुन्द्री सतहदेखि एक हजार ७०० मिटर उचाइमा रहेको ढोलथानबाट धौलागिरी, अन्नपूर्ण, निलगिरि, बराहशिखर, माछापुच्छे हिमशृङ्खला, नागबेली परेर बगेका म्याग्दी र कालीगण्डकी नदी, म्याग्दी, पर्वत र बागलुङका ग्रामीण बस्ती तथा पहाडी भूगोलको दृष्य अवलोकन गर्न सकिन्छ । यहाँ तत्कालीन दरबारका भग्नावशेषका साथै १६औं शताब्दीका ऐतिहासिक सामग्रीहरू पनि छन् ।

भत्किएको दरबार र वरपरका भग्नावशेषलाई सङ्घीयतापछि बेनी नगरपालिका र प्रदेश सरकारको सहयोगमा संरक्षण गरी उद्यान बनाइएको छ । यस क्षेत्रको ऐतिहासिक महत्त्वलाई उजागर गर्न सडक, पदमार्ग र उद्यान निर्माण गरेर प्रवर्द्धन गर्ने योजना रहेको बेनी नगरपालिका-९ का वडाध्यक्ष चक्र केसीले बताउनुभयो ।

"विस्तृत परियोजना प्रतिवेदन बनाएर प्रदेश र सङ्घीय सरकारलाई योजना तथा बजेट मागेका छौँ", उहाँले भन्नुभयो, "ढोलथान पुग्ने सडकलाई सहज बनाउन प्राथमिकताका साथ पहल गरेका छौँ । यदी त्यो कार्यान्वयन भएमा यसले पर्यटकीय गन्तव्यको रूप धारण गर्ने विश्वास छ ।"

य ह ा ँ प्रदेश सरकारको सहयोगमा सार्वजनिक शौचालय, पदमार्ग र बगैचा निर्माण गरेर उद्यान बनाइएको छ । बेनी नगरपालिकाले पदमार्ग र प्रतिक्षालय निर्माण गरेको छ । बेनीदेखि पुलाचौर नयाँगाउँ हुँदै ४५ मिनेट, तोरीपानी, ढावा हुँदै एक घण्टा १५ मिनेट सवार ीसाधनको यात्रामा ढोलथान पुगिन्छ ।

बेनीदेखि गुफाको डिल, पछै, घतानकोत, ढोलथान, जगन्नाथ, ढडेकोट दरवार जोड्ने पदमार्गको यात्राका क्रममा अन्य धार्मिक र पर्यटकीयस्थल भ्रमण गर्न सकिन्छ । पैदलयात्रा गरेर बेनीदेखि दुई घण्टा ३० मिनेटमा ढोलथान पुग्ने गरिएको छ ।

# लामाखेतमा बस्ती संरक्षण योजना निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, २३ जेठ

जिल्ला सदरमुकाम बेनीबजारसँगै रहेको पर्वतको जलजला गाउँपालिकाको केन्द्र लामाखेतमा बाढी, पहिरोबाट बस्ती संरक्षण गर्ने योजना निर्माण भएको छ ।

लामाखेतस्थित जलजला गाउँपालिकाको कार्यालय, बस्ती र सार्वजनिक सम्पत्तीलाई कालीगण्डकीमा आउने बाढी तथा कटानबाट बचाउनका लागि सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय पोखराले योजना निर्माण गरेको हो ।

कुश्मा नगरपालिका-४ स्थित अर्मादी र जलजला गाउँपालिकाको लामाखेतमा १२९ मिटर लामो 'कम्पोजित' प्रविधिको पर्खाल निर्माणका लागि रु चार करोड ८३ लाख १० हजार ५६८ लागत अनुमान गरेर ठेक्का आह्वान भएको आयोजना कार्यालयका इन्जिनियर नरजङ गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार विसं २०८२ असारमा रु दुई करोड ९६ लाख ३४ हजार ८३७ मा नकुल-बिआरटी-शाय जेभीले ठेक्का सम्झौता गरेको छ। इन्जिनियर गुरुङले भुइँमा चार मिटर चौडाइ भएको तीन मिटर अग्लो कङ्क्रिट र त्यसमाथि ग्याविन लगाएर 'कम्पोजित' प्रविधिको पर्खाल निर्माण भएको बताउनुभयो । उहाँका अनुसार कार्यालयमार्फत बेनीसहित म्याग्दी र कालीगण्डकी नदी कटानका कारण जोखिममा परेका बजार तथा बस्ती संरक्षणका लागि म्याग्दी, पर्वत र मुस्ताङका गरी छ वटा बहुवर्षीय नदी नियन्त्रण तथा बस्ती संरक्षण योजना निर्माणाधीन छन् ।

# विन्ध्यवासिनीमा 'बसाइँ' उपन्यासमा विमर्श

पोखरापत्र संवाददाता
पोखरा, २३ जेठ



प्रशिद्ध साहित्यकार लीलबहादुर क्षेत्रीको चर्चित 'बसाइँ' उपन्यास माथि पोखरामा विद्यार्थीले नै विमर्श गरेका छन् ।

बा ट ु ले चौ र स्थित विन्ध्यवासिनी माविले आयोजना गरेको जिल्ला स्तरीय समीक्षा कार्यक्रममा सहभागि विद्यार्थीले उपन्यासका बिभिन्न पक्षको चर्चा गर्दै, 'बसाइँ' उपन्यासले तत्कालिन नेपाली समाजको यथार्थलाई उतारेका बताए । प्रतियोगितात्मक रुपमा आयोजित कार्यक्रममा विद्यार्थीले गरेको समीक्षालाई पृथ्वीनारायण क्याम्पसका प्राध्यापक डा.श्रीधर न्यौपाने र सुरज पौडेलले मुल्यांकन गरेका थिए ।

प्रतियोगितामा विन्ध्यवासिनी माविका सुस्मिता आचार्य प्रथम, ईन्द्रराज्यलक्ष्मी माविका सगुन पौडेल द्वितीय र कालिका माविका सृष्टि लम्साल तृतीय भएको शिक्षक कृष्णप्रसाद पौडेलले जानकारी दिए ।सामुदायिक विद्यालय समुहमा आवद्ध १२ वटा विद्यालयका विद्यार्थीले सहभागिता जनाएका थिए ।

विजयी विद्यार्थीलाई पोखरा १६ का वडाध्यक्ष अमृत शर्मा तिमिल्सीना, विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद आचार्यले नगदसहित पुरस्कार प्रदान गरे । कार्यक्रममा वडाध्यक्ष तिमिल्सीनाले यस्ता कार्यक्रमले विद्यार्थीको समिक्षात्मक क्षमतालाई विकास गर्ने बताए । प्राध्यापक डा. श्रीधर न्यौपानेले केन्द्रिय विषय र सन्देश, कृतिका सबल र दुर्वल पक्षका आधारमा विद्यार्थीको मुल्यांकन गरेको जानकारी दिए । सहभागि विद्यार्थीले कृतिका बारेमा पावर पोईन्ट मार्फत प्रस्तुतीकरण दिएका थिए ।२०१४ सालमा मदन पुरस्कार पुस्तकालयले प्रकासन गरेको सो उपन्यास मुना मदन पछि सबैभन्दा बढी बिक्री हुने नेपाली पुस्तक हो ।

पुस्तकमा पूर्वी नेपालको एउटा नामहीन पहाडी गाउँको चित्रण गरिएको छ । पुस्तकलाई अङ्ग्रेजीमा समेत अनुवाद गरिएको छ । क्षेत्रीका अतृप्त र ब्रह्मपुत्रको छेउछाउ नामक दुई उपन्यास पनि प्रकाशित छन् ।

# पचास प्रतिशत अनुदानमा कृषि उपकरण वितरण

पोखरापत्र संवाददाता
दमौली, २३ जेठ

यहाँको भानु नगरपालिका-९ ले चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत कार्यक्रमअनुसार किसानलाई पचास प्रतिशत अनुदानमा कृषि उपकरण वितरण गरेको छ । कृषि क्षेत्रलाई आधुनिकीकरण गर्दै उत्पादन लागत घटाउने तथा किसानलाई व्यावसायिक खेतीतर्फ आकर्षित गर्ने उद्देश्यले वडाभित्रका किसानको मागका आधारमा उपकरण वितरण गरिएको हो ।

कार्यक्रमअन्तर्गत १४ थान मिनी टिलर, १० थान कम्बाइन्ड मिल, चार थान 'स्प्रे मेसिन' तथा चार थान घाँस काट्ने उपकरण वितरण गरिएको वडाध्यक्ष मीन गुरुङले जानकारी दिनुभयो । कृषि कार्यमा प्रयोग हुने यस्ता उपकरणले किसानको श्रम, समय र लागत बचत गर्न सहयोग पुग्ने विश्वास लिइएको उहाँले बताउनुभयो । हाल कृषि क्षेत्रमा जनशक्तिको अभाव, उत्पादन लागतमा भएको वृद्धि तथा परम्परागत कृषि प्रणालीका कारण धेरै किसान कृषि पेसाबाट निरुत्साहित हुने अवस्था देखिएको छ ।

यस्ता चुनौतीलाई मध्यनजर गर्दै कृषिलाई प्रविधिमैत्री, उत्पादनमुखी र व्यावसायिक बनाउन वडा कार्यालयले अनुदान कार्यक्रम सञ्चालन गरेको वडाध्यक्ष गुरुङले बताउनुभयो । उहाँले भन्नुभयो, "किसानले आधुनिक उपकरणको प्रयोगमार्फत कम समयमा बढी काम गर्न सक्ने, उत्पादन लागत घटाउन सक्ने र उत्पादन वृद्धि गर्न सक्ने अपेक्षा गरिएको छ ।"

वडाध्यक्ष गुरुङका अनुसार किसानलाई आधुनिक कृषि उपकरणसँग जोड्नु आजको आवश्यकता भएकाले प्रविधिमैत्री बनाउन पहल थालिएको हो । "परम्परागत तरिकाले खेती गर्दा लागत बढ्ने र श्रम बढी लाग्ने भएकाले किसान निरुत्साहित हुँदै गएका छन् । यस अवस्थालाई परिवर्तन गर्न तथा कृषिलाई सहज, सरल र उत्पादनमुखी बनाउन वडा कार्यालयले ५० प्रतिशत अनुदानमा मेसिनरी वितरण गरेको हो", उहाँले भन्नुभयो ।

वडाध्यक्ष गुरुङले वितरण गरिएका उपकरणको सही सदुपयोग गर्न किसानलाई आग्रह गर्दै कृषि उत्पादन वृद्धि, आयआर्जनमा सुधार हुनुका साथै युवालाई कृषि क्षेत्रमा आकर्षित गर्न आधुनिक प्रविधिको प्रयोग अपरिहार्य रहेको बताउनुभयो । उपकरण प्राप्त गरेका किसानले वडा कार्यालयको पहलप्रति उत्साहित भएका छन् । किसानले आधुनिक उपकरणको प्रयोगले खेतीपाती गर्न सहज हुनुका साथै लागत कम हुने र उत्पादन बढ्ने विश्वास व्यक्त गरेका छन् ।

# ध्वनि प्रदूषण गर्ने मोटरसाइकल धमाधम नियन्त्रणमा लिइँदै

पोखरापत्र संवाददाता
बागलुङ, २३ जेठ

जिल्ला ट्राफिक प्रहरी कार्यालय बागलुङले स्वरुप परिवर्तन (मोडिफाइ) गरी चर्को आवाज निकालेर ध्वनि प्रदूषण गराउने मोटरसाइकल चालकलाई कारबाही गरेको छ ।

बागलुङ बजार क्षेत्रमा पछिल्लो समय रातिको समयमा मोटरसाइल चालकले चर्को आवाज निकालेर ध्वनी प्रदूषण गर्दै आएका जनगुनासो बढेपछि ट्राफिक प्रहरीले नियन्त्रणमा लिएर चालकलाई कारबाही गर्ने अभियान चलाएको हो ।

पछिल्लो दुई दिनमा १० वटा मोटरसाइकल नियन्त्रणमा लिएर कारबाहीका लागि यातायात व्यवस्था कार्यालयमा पठाइएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख वरिष्ठ नायब निरीक्षक मीनबहादुर कुँवरले बताउनुभयो । उहाँका अनुसार जथाभावी रूपमा साइलेन्सर, लाइट, नम्बर प्लेट, लुकिङ ग्लास, सक, हेण्डिललगायत पुर्जालाई परिवर्तन गरेको पाइएपछि कारबाही गरिएको हो। स्वरूप परिवर्तन गरी चलाइएका सवारीसाधनबाट निस्कने चर्को आवाजले वृद्धवृद्धा, बालबालिका र संवेदनशील क्षेत्रमा प्रत्यक्ष असर पर्ने तथा ध्वनि प्रदूषणसमेत हुने भएकाले त्यस्ता सवारीसाधनलाई कारबाही गरिएको प्रमुख वरिष्ठ नायब निरीक्षक कुँवरले बताउनुभयो। कारबाहीमा परेका मोटरसाइकलमाफेरिएकापार्टपुर्जा निकाली मापदण्डअनुरूप राख्न लगाइएको उहाँको भनाइ छ ।

कुँवरले भन्नुभयो, "बजार क्षेत्रमा चर्को आवाजमा मोटरसाइकल चलाउँदा ध्वनी प्रदूषण हुने गरेको छ। प्रायजसो रातिको समयमा जथाभावी रूपमा चर्को आवाज निकालेर मोटरसाइकल चलाउने जनगुनासो आएपछि प्रहरीले सक्रियता बढाएको हो। हामीले यसभन्दा अगाडि पनि सात वटा मोटरसाइकल नियन्त्रणमा लिएर रु ५२ हजार राजस्व उठाएका थियौँ ।" सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा सवार ीसाधनको स्वरूप परिवर्तन गरी सवारीसाधन चलाउँदा रु सात हजारदेखि रु १५ हजारसम्म जरिवाना लाग्ने व्यवस्था छ । गत साउन यता दुई हजार ९०० बढी मोटरसाइकल नियन्त्रणमा लिएर चालकलाई कारबाही गरिएको कुँवरले जानकारी दिनुभयो ।

बागलुङ नगरपालिका-२ का कृष्ण श्रेष्ठले राति सुतेको बेला बन्दुक पड्काए जसरी आवाज आउने गरी मोटरसाइकल चलाउँदा निन्द्राबाट ब्युउँझिने र मुटुनै ढुकढुक हुने बताउनुभयो । यसले वृद्धवृद्धा र बालबालिकालाई बढी असर पार्ने गरेकाले प्रहरीले त्यस्ता मोटरसाइकल चालकलाई नियन्त्रणमा लिएर कारबाही गर्न जरुरी रहेको उहाँको भनाइ छ ।

# एसइई परीक्षामा उत्कृष्ट विद्यार्थीलाई एक लाख २० हजार पुरस्कार

पोखरापत्र संवाददाता
म्याग्दी, २३ जेठ

माध्यमिक शिक्षा परीक्षा (एसइई) मा उत्कृष्ट हुने विद्यार्थीलाई नगद रु एक लाख २० हजार पुरस्कार वितरण गरिएको छ ।

म्याग्दीको रघुगङ्गा गाउँपालिका-३ पिप्लेका समाजसेवी कमल शाहीले एसइई परीक्षा २०८२ मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई नगद पुरस्कार प्रदान गर्नुभएको हो ।

रघुगङ्गा गाउँपालिका-२ र ३ राखुमा सञ्चालित तीन सामुदायिक विद्यालयबाट एसइई परीक्षा २०८२ मा ए प्लस ग्रेड ल्याउनेलाई जनही रु १० हजार र ए ग्रेड ल्याउनेलाई जनही रु पाँच हजार पुरस्कार प्रदान गरिएको हो ।

यस वर्ष रघुगङ्गा माविबाट ए प्लस ग्रेड ल्याउने एक जना र ए ग्रेड ल्याउने सात जना, मुक्तिधाम माविबाट साधारण र प्राविधिक धारतर्फ ए प्लस ग्रेड ल्याउने तीन जना र ए ग्रेड ल्याउने ६ जना, ज्ञानोदय माविबाट ए ग्रेड ल्याउने एक जना र दृष्टिविहिन दुई जनालाई नगद पुरस्कार प्रदान गरिएको हो । शाहीले यस वर्ष ए प्लस ग्रेड ल्याउने चार जनालाई जनही रु १० हजार र ए ग्रेड ल्याउने १४ जना तथा दुई दृष्टिबिहीन गरी १६ जनालाई जनही रु पाँच हजारका दरले प्रोत्साहन पुरस्कार प्रदान गर्नुभएको हो । विगत पाँच वर्षदेखि एसइई परीक्षामा उत्कृष्ट हुने विद्यार्थीलाई उहाँले पुरस्कार वितरण गर्दै आउनुभएको छ । उहाँले चार जिपिए ल्याउने विद्यार्थीलाई जनही रु ५० हजार पुरस्कार दिने घोषणा गर्नुभएको थियो । मुक्तिधाम माविका विद्यार्थीलाई सोही विद्यालयमा पुरस्कार वितरण गरिएको छ भने ज्ञानोदय मावि र रघुगङ्गा माविका विद्यार्थीलाई रघुगङ्गा मावि पिप्लेमा पुरस्कार वितरण गरिएको हो । पिप्लेमा आयोजित कार्यक्रममा रघुगङ्गा गाउँपालिका-३ का वडाध्यक्ष खिमबहादुर शाही, रघुगङ्गा माविका व्यवस्थापन समितिका अध्यक्ष लेखनाथ शर्मा र प्रधानाध्यापक रमेशसिंह ठकुरीले पुरस्कार वितरण गर्नुभयो । सोही अवसरमा शाहीले आफ्नो बुबाको सम्झनामा रघुगङ्गा माविमा स्थापना गर्नुभएको रु ६ लाख ११ हजार राशिको देवबहादुर शाही अक्षयकोषबाट रघुगङ्गा माविका सबै कक्षाका विद्यार्थीलाई विभिन्न विधातर्फ पुरस्कृत गर्नुभएको थियो ।

# प्रतिभा माविका नयाँ विद्यार्थीलाई स्वागत

पोखरापत्र संवाददाता
पोखरा, २३ जेठ




पोखराको पालिखेचोकस्थित प्रतिभा माविले नवआगन्तुक विद्यार्थीका लागि शनिबार स्वागत तथा उत्प्रेरणामूलक कार्यक्रम आयोजना गरेको छ ।

माध्यमिक शिक्षा परीक्षा (एसइई) उत्तीर्ण गरी प्रतिभामा कक्षा ११ मा भर्ना भएका विद्यार्थीका लागि कार्यक्रम आयोजना गरेको हो । विद्यालयले शनिबार विज्ञान विषयका विद्यार्थीलाई स्वागत गरेको छ । यस्तै, आइतबार व्यवस्थापन र होटल व्यवस्थापन विषयका विद्यार्थीलाई स्वागत कार्यक्रम राखेको प्राचार्य किरण सापकोटाले जानकारी दिए । यस वर्ष उच्चतम् ४ जीपीए प्राप्त गर्ने २८ जना विद्यार्थीले प्रतिभा रोजेका छन् । नेपालकै एक उत्कृष्ट विद्यालयका रूपमा स्थापित प्रतिभाले यो आकर्षणलाई गौरवका रुपमा लिएको प्राचार्य सापकोटाले बताए । पोखरा सभागृहमा बृहत् रूपमा आयोजित स्वागत कार्यक्रममा प्रमुख अतिथि नेपाल मणिपाल शिक्षण अस्पतालका उपप्राचार्य प्रा.डा. जय बहादुर खत्रीले पोखराको शिक्षा क्षेत्रलाई प्रतिभाले परिचित बनाएको बताए । 'विद्यार्थी सफल हुनका लागि उनीहरूमा मेहनत जरुरी छ । विद्यार्थीले मेहनतका साथ अध्ययन गर्ने हो भने लक्ष्यमा पुग्न सहज हुन्छ' डा. खत्रीले भने, 'गन्तव्य पहिचान गरेर मात्र अध्ययन सुरु गर्नु अनिवार्य छ, अनि मात्र भविष्य उज्वल हुन्छ ।' अनुशासन नै विद्यार्थीको पहिलो शर्त भएको भन्दै डा. खत्रीले कक्षा ११ र १२ को दुई वर्षको समयावधि जीवनको महत्वपूर्ण समय भएकाले यो बेला बाटो बिगारेमा जिन्दगीको लय बिग्रने बताए । उनले गुरुहरू जीवनको पथ प्रदर्शक भएकाले आदर सम्मान गर्नुपर्ने बताए ।

प्रतिभा मावि संचालक समितिका अध्यक्ष नारायण पौडेलले समयक्रमसँगै प्रतिभाले राष्ट्रिय स्तरमा ख्याती कमाउँदै गएकोमा प्रशन्नता व्यक्त गरे । विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन र अभिभावकको आपसी समन्वयात्मक वातावरणले यो उपलब्धि हाँसिल गरेको उनले बताए । विद्यार्थीले मेहनत गरेर अध्ययन गरेको खण्डमा त्यसको परिणाम पनि उत्कृष्ट नै आउने उनको भनाइ छ । समय अनुसारको शिक्षा दिलाउन विद्यालय हरदम तयार रहेको उनले सुनाए । 'प्रतिभाले हरेक वर्ष हरेक क्षेत्रमा प्रतिभा उत्पादन गरिरहेको छ । आगामी दिनमा ती प्रतिभा अझै थपिनेछन्' उनले भने, 'विद्यार्थीलाई प्रतिभावान बनाउन हामी हरदम छौं ।' विद्यालयका प्राचार्य किरण सापकोटाले विद्यार्थीले देखेको सपना पूरा गर्नका लागि विद्यालय सदैव तयार रहेको बताए ।

विद्यार्थीले आफूले आफूमा भएको क्षमता पहिचान गर्न नसक्दा कहिलेकाहीँ समस्या हुने गरेको उनले बताए । 'सपना जबर्जस्त देख्नु । मेहनत अनिवार्य छ । स्मार्ट हाडवर्क गर्नुपर्छ । दुई वर्ष दुःख गरे जिन्दगीभर सुख पाइन्छ ।' सापकोटाले भने । आफ्नो जात, धर्म, आर्थिक अवस्था, सामाजिक हिसाबले प्रगतिको सपना देख्नबाट नरोकिन विद्यार्थीलाई सुझाव पनि उनले दिए । प्राचार्य सापकोटाले प्रतिभा माविले विद्यार्थीलाई संस्कारसहितको शिक्षा दिने बताए । 'प्रतिभा माविले किताबी ज्ञान मात्र दिँदैन, व्यक्ति र व्यक्तित्व निर्माण गर्न सघाउँछ, त्यसैको प्रमाण हो- विद्यालयले देशभित्र मात्र नभई विदेशमा पनि पहिचान बनाउन सक्नु ।' उनले भने । कार्यक्रममा एसइईमा चार जीपीए ल्याएर प्रतिभामा भर्ना भएका २८ विद्यार्थी, तिनका अभिभावक र विद्यालयका प्राचार्यलाई समेत सम्मान गरिएको थियो । कार्यक्रममा अहिलेका चर्चित गायक प्रकाश दूतराज र उनका नयाँ ब्याण्डले आफ्ना हिट गीत प्रस्तुत गरे । विद्यार्थीहरुले पनि आफ्ना प्रस्तुति राखेका थिए । प्रतिभामा यो वर्ष सिट क्षमता अनुसार विज्ञान संकायमा ३९६ जना, व्यवस्थापन संकायमा ३९६ जना र होटल व्यवस्थापनतर्फ ८८ जना गरी कूल ८८० जना भर्ना भएका छन् । हजारौंले प्रवेश परीक्षा दिएकोमा उत्कृष्टता र जीपीएको आधारमा भर्ना लिइएको प्राचार्य सापकोटाले बताए । प्रतिभामा मन्टेश्वरीदेखि १२ कक्षासम्म करिब ३ हजार विद्यार्थी अध्ययनरत छन् । शैक्षिक नतिजा सँगसँगै खेलकुदमा पनि प्रतिभाले उत्कृष्ट नतिजा प्राप्त गर्दै आएको छ । विद्यालयले विभिन्न क्षेत्रमा योगदान दिएका व्यक्तिलाई सम्मान पनि गर्दै आएको छ ।

# डा चन्द्रप्रसाद गुरुङको 'अन्नपूर्णको स्याहार' पुस्तक लोकार्पण

पोखरापत्र संवाददाता
पोखरा, २३ जेठ




समुदायमा आधारित संरक्षण अवधारणाका प्रणेता स्वर्गीय डा चन्द्रप्रसादगुरुङको चर्चित कृति 'केयरिङ फर द अन्नपूर्ण'को नेपाली अनुवाद 'अन्नपूर्णको स्याहार' पोखरामा सार्वजनिक गरिएको छ ।

विश्व वातावरण दिवसको अवसरमा पृथ्वी नारायण क्याम्पस परिसरमा रहेको अन्नपूर्ण सङ्ग्रहालयमा आयोजित समारोहबीच उक्त पुस्तक लोकार्पण गरिएको हो । अन्नपूर्ण संरक्षण क्षेत्र व्यवस्थापन समन्वय समितिका अध्यक्ष एवं पूर्वसांसद मनबहादुर गुरुङ, मादी गाउँपालिकाका अध्यक्ष देवीजङ्ग गुरुङ, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) का प्रमुख डा रविन कडरिया, संरक्षणविद् डम्मरकुमारी गुरुङ र चन्द्र गुरुङ संरक्षण प्रतिष्ठानकी अध्यक्ष शिखा गुरुङ खेतानले संयुक्त रूपमा पुस्तक लोकार्पण गर्नुभएको हो । सन् २००६ सेप्टेम्बर २३ मा ताप्लेजुङको घुन्सामा भएको हेलिकप्टर दुर्घटनामा ज्यान गुमाउनुभएका डा गुरुङको यो पुस्तक उहाँको निधनपश्चात् फेला परेको पाण्डुलिपिमा आधारित छ । सोही दुर्घटनामा डा हर्क गुरुङ, मिङ्मा नोर्बु शेर्पालगायतका संरक्षणविद्ले ज्यान गुमाउनुभएको थियो ।

साहित्यकार तीर्थ गुरुङले अनुवाद गर्नुभएको यो पुस्तकलाई चन्द्र गुरुङ संरक्षण प्रतिष्ठानले प्रकाशनमा ल्याएको हो । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) को आर्थिक सहयोगमा प्रकाशित यस कृतिले नेपालको संरक्षण इतिहास र डा गुरुङको योगदानलाई जनमानसमा पुऱ्याउने लक्ष्य राखेको आयोजकले जनाएको छ । कार्यक्रममा पूर्वसांसद मनबहादुर गुरुङले एक्याप आदिबासी जनजाति, सीमान्तकृत समुदाय, दलित, विपन्न र राज्यको पहुँचभन्दा टाढा रहेका नागरिकको बसोबास रहेको विशेष क्षेत्र रहेकाले यो क्षेत्र अति नै महत्वपूर्ण रहेको बताउनुभयो । करिब ४० वर्षअघि विकास र संरक्षणको अवधारणासहित सुरु भएको यो आयोजनाले प्रकृति, संस्कृति र कृषिको संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको उहाँको भनाइ थियो । मादी गाउँपालिकाका अध्यक्ष देवीजङ्ग गुरुङले डा गुरुङले सुरु गर्नुभएको सामुदायिक संरक्षण अभियानका बारेमा चर्चा गर्नुभएको थियो । नेपालको पर्यटन र संरक्षण क्षेत्रमा डा चन्द्र गुरुङको योगदान अतुलनीय भए पनि त्यसको उचित पहिचान अझै हुन नसकेकोमा उहाँले चिन्ता व्यक्त गर्नुभयो । चन्द्र गुरुङ मेमोरियल फाउन्डेसन र अन्य सरोकारवाला निकायले मिलेर पर्यटन र संरक्षणको माध्यमबाट स्थानीयको जीवनस्तर सुधार्न थप सक्रिय हुनुपर्ने अवस्था छ ।

चन्द्र गुरुङ संरक्षण प्रतिष्ठानका सचिव डा रोशन शेरचनले डा चन्द्र गुरुङले पुऱ्याएको योगदानलाई समेटेर तयार पारिएको पुस्तक सार्वजनिक गरिएको जानकारी दिनुभयो । यसले नेपालको संरक्षण इतिहासका लुकेका पक्षलाई उजागर गर्ने उहाँको भनाइ थियो । प्रतिष्ठानका अध्यक्ष शिखा गुरुङ खेतानले फाउण्डेसनले डा चन्द्र गुरुङको योगदानलाई नयाँ पुस्तासम्म पुऱ्याउन विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको बताउनुभयो ।

# राससकर्मी पौडेललाई 'मिलेनियम ट्रेक प्रवर्द्धन' पत्रकारिता पुरस्कार

रासस
काठमाडौं, २३ जेठ

राष्ट्रिय समाचार समिति (रासस) गण्डकी प्रदेशका प्रमुख वासुदेव पौडेललाई 'मिलेनियम ट्रेक प्रवर्द्धन' पत्रकारिता पुरस्कार प्रदान गरिएको छ । मिलेनियम ट्रेक व्यवस्थापन समितिले समाचार सम्प्रेषणका माध्यमबाट नेपालको पहिलो मध्यपहाडी पदमार्ग मिलेनियम ट्रेकको प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै शनिबार काठमाडौँमा आयोजित कार्यक्रममा रु १५ हजार ५५५ नगदसहित दोसल्ला र सम्मानपत्रद्वारा सम्मान गरेको हो ।

उहाँलाई तनहुँका प्रतिनिधिसभा सदस्य इञ्जिनियर श्रीराम न्यौपाने, समितिका कार्यवाहक अध्यक्ष नेत्रप्रसाद गुरुङ, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले संयुक्त रूपमा सम्मान गर्नुभएको हो । विसं २०६३ देखि राससमा आबद्ध पौडेल एक दशकदेखि पोखरामा बसेर पत्रकारिता गर्दै आउनुभएको छ ।

प्रतिनिधिसभा सदस्य न्यौपानेले मिलेनियम ट्रेकलाई नेपालको मात्र नभई विश्वकै आकर्षणको केन्द्र बनाउन सकिने बताउनुभयो । उहाँले तनहुँको छाब्दीदेखि बन्दीपुर हुँदै देवघाटसम्मको पदमार्गलाई आगामी आवको बजेटले साइकलिङ ट्र्याकका रूपमा विकास गर्न खोजेको भन्दै मिलेनियम ट्रेकलाई समेत यसमा जोड्न सकिने उल्लेख गर्नुभयो ।

नेपाल पर्यटन बोर्ड पोखराका प्रमुख मणिराज लामिछानेले गण्डकी प्रदेशका ११ जिल्लाको पर्यटन प्रवर्द्धनका लागि नेपाल पर्यटन वोर्ड गण्डकी प्रदश लागेको बताउनुभयो । मिलेनियम ट्रेकको उचाई ४०० मिटरदेखि एक हजार ८०० मिटरसम्म भएकाले जोकोहीका लागि उत्कृष्ट पदमार्ग भएको उहाँको भनाइ थियो । ट्रेकिङ एजेन्सीज एशोसिएशन अफ नेपाल (टान) का अध्यक्ष सागर पाण्डेले पूर्वाधारको विकास, डिजिटल प्रचारप्रसार र आन्तरिक पर्यटनको विकास गर्न सकिए उक्त ट्रेकको ठूलो भविष्य रहेको बताउनुभयो । बास बस्ने ठाउँमा यथेष्ट घर नहुँदा टेन्ट राखेर पर्यटकलाई सेवा दिन सकिने उहाँको भनाइ छ । तनहुँको दुलेगौडाबाट स्याङ्जाको रामबाछा जोडिने मिलेनियम ट्रेक सन् २००० देखि औपचारिक रूपमा सञ्चालनमा आएको हो । हिमाली एवं पहाडी भूदृष्यहरू अवलोकन गर्दै बालकदेखि बृद्धसम्म सबै उमेर समूहका व्यक्तिले पदयात्रा गर्न सक्ने यस पदमार्गमा विभिन्न ऐतिहासिक कोट, दरबार, गुफा आदिको अवलोकन गर्न सकिने समितिका महासचिव हर्क गुरुङले जानकारी दिनुभयो ।

छ रात सात दिनको समयावधिमा पदयात्रा गर्न सकिने यो पदमार्ग चरा पर्यटनका लागि आकर्षक गन्तव्य हो । ३०० प्रजातिका चरा पाइने यस पदमार्गका ठाउँठाउँमा नेपालमा मात्रै पाइने चरा काँडे भ्याकुर प्रशस्त मात्रामा देख्न सकिने बताइएको छ ।

# नेपाल–पाकिस्तानबीच पर्वतारोहण सहकार्य विस्तारमा जोड

रासस
काठमाडौं, २३ जेठ

इस्लामाबादस्थित नेपालको राजदूतावासले शुक्रबार ' विश्वको सर्वोच्च शिखर सगरमाथाः नेपालको पहिचान र गौरव' नाराका साथ एक कार्यक्रमको आयोजना गरी ७३औँ अन्तरराष्ट्रिय सगरमाथा दिवस मनाएको छ ।

परराष्ट्रमन्त्री शिशिर खनालको सगरमाथा दिवससम्बन्धी विशेष भिडियो सन्देशबाट प्रारम्भ भएको कार्यक्रममा पाकिस्तानका लागि नेपालका राजदूत रिता धितालले सन् १९५३ मे २९ मा सगरमाथाको पहिलो सफल आरोहण भएको ऐतिहासिक दिनको स्मरण गर्दै सगरमाथा आरोहण असाधारण इच्छाशक्ति, सहनशीलता र सहकार्यको प्रतिफल भएको बताउनुभयो ।

राजदूत धितालले जलवायु परिवर्तनका कारण हिमालय क्षेत्रमा बढ्दो वातावरणीय क्षयीकरण तथा हिमनदी पग्लिने समस्याप्रति चिन्ता व्यक्त गर्दै यसको सामना गर्न प्रभावकारी अन्तरराष्ट्रिय सहकार्य आवश्यक भएको बताउनुभयो । उहाँले नेपालले सञ्चालन गरिरहेको ' क्यास फर ट्र्यास' सरसफाइ अभियानलगायत प्रयासको चर्चा गर्दै 'नेपाल वेलनेस वर्ष-२०२७' र 'भिजिट नेपाल वर्ष-२०२८' जस्ता महत्वपूर्ण पर्यटन अभियानमार्फत नेपाललाई दिगो तथा उच्च मूल्ययुक्त पर्यटन गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य रहेको जानकारी दिनुभयो ।

कार्यक्रमलाई प्रधानमन्त्रीका पर्यटन सल्लाहकार तथा राष्ट्रिय पर्यटन संयोजक सरदार यासिर इल्यास खान, पाकिस्तान पर्यटन विकास निगम (पिटिडिसी) का प्रबन्ध निर्देशक अफ्ताब उर रहमान राना तथा अल्पाइन क्लब अफ पाकिस्तानका अध्यक्ष इरफान अरशदले पनि सम्बोधन गर्नुभएको थियो ।

उहाँहरूले नेपाल र पाकिस्तानबीच पर्वतारोहण क्षेत्रका अनुभव र अभ्यास आदानप्रदानका साथै सहकार्य विस्तारमा को महत्वमाथि जोड दिनुभएको थियो ।

त्यस अवसरमा राजदूत धितालले सगरमाथाको सफल आरोहण गरेका पाकिस्तानका चार जना आरोहीलाई सम्मान गर्नुभएको थियो । साथै,उनीहरूले आफ्ना आरोहण अनुभव सहभागीमाझ साझा गरेका थिए । दूतावासका काउन्सिलर पुरुषोत्तम ढुङ्गेलले नेपालको साहसिक पर्यटनका सम्भावनाबारे जानकारी दिनुभएको थियो ।

कार्यक्रममा विश्वका अग्ला हिमाल, हिमशृङ्खलाको मनोरम दृश्य तथा साहसिक पर्यटन गतिविधिसम्बन्धी श्रव्यदृश्य सामग्री प्रदर्शन गरिएको थियो ।

कार्यक्रममा पाकिस्तानका सगरमाथा आरोही, उच्च सरकारी अधिकारी, विभिन्न देशका राजदूत तथा उच्चायुक्त, कूटनीतिज्ञ र पर्यटन क्षेत्रका प्रतिनिधिको सहभागिता थियो ।

# कास्की कारागारबाट भागेका कैदी नौ महिनापछि म्याग्दीमा पक्राउ

पोखरापत्र संवाददाता
म्याग्दी, २३ जेठ

'जेनजी' आन्दोलनको क्रममा कास्की कारागारबाट भागेका एक जना कैदीलाई प्रहरीले नौ महिनापछि म्याग्दीको बेनी नगरपालिका-९ गलेश्वरबाट पक्राउ गरेको छ । जबरजस्तीकरणी मुद्दामा कास्की जिल्ला अदालतबाट दोषी ठहर भएका पोखरा महानगरपालिका-९ का ५४ वर्षीय लक्ष्मण मगराती भनिने कृष्णबहादुर सार्कीलाई पक्राउ गरी शनिबार कारागार कार्यालय बेनी चलान गरिएको हो । शुक्रबार राति ९ बजे गलेश्वरमा शङ्कास्पद रूपमा हिँडडूल गरिरहेको अवस्थामा फक्राउ परेका सार्कीलाई एक रात हिरासतमा राखेर प्रक्रिया पूरा गरी बाँकी कैद भुक्तान गराउन कारागार चलान गरिएको प्रहरी निरीक्षक सागर तिमिल्सिनाले जानकारी दिनुभयो ।

"कास्की जिल्ला अदालतले सात वर्ष कैद फैसला सुनाएका सार्की पोखरास्थित कारागारमा सह-नाइकेको जिम्मेवारीमा रहेको खुलेको छ", उहाँले भन्नुभयो, "छानबिनका क्रममा गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा कारागारबाट भागेको पुष्टि भएपछि बाँकी कैद भुक्तान गर्न कारागार चलान गरिएको हो ।"

# ताराखोला 'हाइड्रो' मा दुर्घटना, एक मजदुरको मृत्यु

पोखरापत्र संवाददाता
बागलुङ, २३ जेठ

ताराखोला गाउँपालिकामा निर्माणाधीन जलविद्युत् आयोजनामा काम गरिरहेका एक मजदुरको फलामे पाइपले च्यापिएर मृत्यु भएको छ ।

ताराखोला गाउँपालिका-५ धस्मरस्थित निर्माणाधीन जलविद्युत् आयोजनामा कार्यरत रोल्पाको सुनछहारी गाउँपालिका-३ निवासी २० वर्षीय दिलबहादुर विकको मृत्यु भएको हो । डोजरबाट खसेको पाइपमा च्यापिँदा गम्भीर घाइते भएका विकको उपचारका क्रममा गलकोट नगरपालिका-३ हटियास्थित इमर्जेन्सी अस्पतालमा आज दिउँसो मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख फणिन्द्रप्रसाद प्रसाईले जानकारी दिनुभयो । डोजर चालकलाई नियन्त्रणमा लिइएको छ भने विकको शव सोही अस्पतालमा राखिएको छ ।